जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १८७ २०७९ साल फागुन ११ गते बिहीबार (23 Feb. 2023 Thursday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : ६ महिनामा आठ खर्ब २५... २ पृष्ठमा : दक्षिण कोरियाको प्रजनन दर.. ३ पृष्ठमा : ऋणीले एउटा लघुवित्तबाट मात्रै...

# आगो ताप्ने क्रममा जलेर गम्भिर घाईते भएकी महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १० फागुन ।**

सप्तरीको अग्नीसाईर कृष्णा सवरण गाउँपालिकामा आगो ताप्ने क्रममा साडीमा आगो लागेर गम्भीर घाईते भएकी एक महिलाको उपचारको क्रममा बुधवार विहान मृत्यु भएको छ ।

सो गाउँपालिका ३ मटिगढा निवासी बन्दीलाल भगतकी ५० वर्षिया श्रीमती द्रोपदी कुमारी भगतको उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार फागुन ३ गते विहान घर नजिकै आगो ताप्दै गर्दा उनले लगाएको साडीमा अचानक आगो सल्केर उनी गम्भीर घाईते भएकी थिइन । स्थानीय गजेन्द्र नारायण सिह अस्पतालमा प्रारम्भीक उपचार पछी उनलाई धरान स्थित विपी कोइराला विज्ञान प्रष्ठिानमा भर्ना गरिएको थियो । त्यहा केही सुधार भएपछी २ दिन अघी उनलाई आफन्तले घर ल्याएका थिए ।

तर फेरी स्वास्थ्यमा समस्या देखिएपछी उनलाई उपचारका लागी बोदेबर्साइन नगरपालिका स्थित नयना हेल्थ केयर डियोलोजेस्टिक अस्पतालमा भर्ना गरिएकोमा उपचार कै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी नरेश कुमार सिंहले जानकारी दिए ।

आगो ताप्ने क्रममा सावधानी नअपनाउँदा उक्त दुःखद घटना भएको भन्दै प्रहरीले आवश्यक सर्तकता अपनाउन सबै संग अनुरोध गरेको छ ।

# छुट्टाछुट्टै सवारी दुर्घटनामा परि ६ जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, १० फागुन ।**

सप्तरीको विभिन्न स्थानमा भएको सवारी दुर्घटनामा परि ६ जना घाइते भएका छन् ।

जिल्लाको कंचनरुप नगरपालिकामा म्याजिकले ठक्कर दिँदा एक पैदल यात्री घाइते भएका छन् ।

सो नगरपालिका ४ धनकट्टा टोल कोशिबाँधको मोडमा उतरबाट दक्षिणतर्फ जादै गरेको को१ज १६३१ नं.को म्याजिकले सोही दिशातर्फ जादै गरेका पैदल यात्री स्थानिय ५० वर्षिय राजाराम मुखिया घाइते भएका हुन् ।

घाइते मुखियाको दुवै खुट्टामा चोट लागेकोले स्थानिय धर्मेश्वर अस्पताल ठेलियामा उपचारका लागि भर्ना गरिएको जनाउँदै म्याजिक र चालक प्रहरी नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसैगरि जिल्लाको सुरुङगा नगरपालिका ८ शमशेरपुरस्थित कुशाह धाती सडक खण्डमा कुशाहाबाट धाती तर्फ जादै गरेको प्र.२-०१-००१प.७२९४ न.को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना भएको प्रहरीले जनाएको छ ।

सो दुर्घटनामा मोटरसाइकल चालक वलानबिहुल १ बस्ने २४ वर्षिय विजय चौधरी र पछाडी सवार २१ वर्षका एलेन्स चौधरी घाइते भएका छन् ।

घाईतेहरुलाई तत्काल उपचारको लागी स्थानिय क्लिनिकमा भर्ना गरिएको तथा घट्ना सम्बन्धमा थप अनुसन्धान कार्य जारिरहेको प्रहरीले जनाएको छ ।

यस्तै बोदेबर्साइन ७ हैठीस्थित बोदेबर्साईन स्वर्णपट्टी सडक खण्डमा २७ वर्षिय स्थानिय रबिन कुमार यादव गाँउको पसलबाट घरायसी सर-सामान खरीद गरि घर फर्किने क्रममा बा.२८ प. ६९०९ नं.को मोटरसाइकलले ठक्कर दिएको छ ।

ठक्करबाट घाइते भएका रबिनको स्थानिय जिवन ज्योती अस्पताल बोदेबर्साईनमा उपचार भई रहेको छ भने मोटरसाईकल र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यसैगरि जिल्लाकै खडक नगरपालिका ४ अमाहस्थित पूर्व पश्चिम राजमार्गमा पश्चिमबाट पूर्व तर्फ जाँदै गरेको बा५९प ६५८१ न.को मोटरसाइकललाई विपरित दिशाबाट आँउदै गरेको बा३च ८९६० न.को स्करपियोले ठक्कर दिएको छ ।

ठक्करबाट माटरसाइकल चालक खडक ८ बिसनपुर निवासी २१ वर्षिय दिनेश मण्डल घाईते भएका छन् ।

उनलाई उपचारका लागि लहान पठाईएको तथा दुर्घट्ना भएको मोटरसाईकल र स्कारपियो गाडी र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यसैगरि रुपनी १ रायपुरस्थित रुपनी राजबिराज सडक खण्डमा रुपनीबाट राजबिराजतर्फ जादै गरेको स४प ३२६४ नं. को मोटरसाइकलले एक साइकल यात्रीलाई ठक्कर दिएको छ ।

सो ठक्करबाट साईकल यात्रि स्थानिय ५५ वर्षिय हरीया कुमार हर्जन राम घाइते भएका छन् । घाइते भएका रामलाई तत्काल उपचारका लागी युनिक अस्पतालमा भर्ना गरिएको छ भने माटरसाइकल तथा चालकलाई प्रहरीले नियन्त्रणमा लिई घट्ना सम्बन्धमा अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# सरस्वतीले जन्माईन तिम्ल्याहा



**दैनिक समाचारदाता**
**राजविराज, १० फागुन ।**

सप्तरीकी एक महिलाले तिम्ल्याहा सन्तान जन्माएकी छिन् । जिल्लाको रुपनी गाउँपालिका १ रायपुरकी सरस्वती रामले मंगलबार तीन बच्चा जन्माएकी हुन् ।

धरान स्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उनले सल्यक्रिया मार्फत एकै पटक तीन सन्तानको जन्म दिएकी हुन् । तिम्ल्याहा बच्चा मध्ये दुई छोरा र एक छोरी छन् । तिन वटै बच्चाको तौल भने कम रहेको उपचारमा संलग्न चिकित्सकहरुले बताएका छन् ।

पहिलो बच्चा (छोरा) को तौल १.६६० केजी, दोश्रो ( छोरा) को तोल १.४८० केजी र तेश्रो (छोरी) को तौल १.६६१ केजी छ । सामान्य अवस्थाको बच्चाको तौल कम्तीमा पनि २.५ केजी हुनुपर्ने चिकित्सकहरु बताउँछन् ।

बच्चालाई स्वस्थ बुधवारदेखि अस्पतालद्वारा इन्कुवेटरमा राखेर खुवाउने तथा श्वासप्रश्वासमा सहयोग पुर्‍याउने काम भइरहेको परिवारजनले जनाएको छ । परिवारको आर्थिक अवस्था कमजोर रहेकाले परिवारजनले सहयोगकालागि आग्रह गरेका छन् ।

# लाल आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गर्न माग

काठमाडौं, १० फागुन (रासस) ।

नागरिक उन्मुक्ति पार्टीका सांसद गङ्गाराम चौधरीले टीकापुर घटनाका सम्बन्धमा अध्ययन गरिएको लाल आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गर्न आग्रह गर्नुभएको छ । प्रतिनिधिसभाको बुधबारको बैठकमा समय लिएर बोल्दै उहाँले नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरीलाई रिहा गर्ने प्रतिबद्धता कार्यान्वयन नभएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद प्रभु साहले रौटहटमा मौलापुर नगरपालिकाले आयोजना गरेको कार्यक्रमको नेपाल विद्युत् प्राधिकरणका स्थानीय कर्मचारीले विरोध गरेको, कार्यक्रमका दिन बिजुलीको लाइन काटेको जानकारी दिँदै प्राधिकरणका कर्मचारीलाई कानुन लाग्ने कि नलाग्ने भनी प्रश्न गर्नुभयो । "सेवाग्राहीले के कारणले लाइन काटेको हो भनेर सोध्न जाँदा गुण्डागर्दी भयो", उहाँले भन्नुभयो, "विद्युत् अवरोध गर्ने, जनतालाई दुष्प्रचार गर्ने घटनाको तत्काल छानबिन गर्न माग गर्दछु ।"

सांसद दीपक गिरीले दाङमा सडक पूर्वाधार निर्माण ढिलाइ भइरहको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो । "तीन पटक म्याद थपेर पनि सडक अझै निर्माण सम्पन्न भएका छैनन्, यसको सरकारले जवाफ दिनुपर्छ", उहाँले भन्नुभयो । सांसद प्रेम सुवालले पूर्वाधार विकास गर्दा स्थानीयको भावनालाई सम्बोधन गर्न आग्रह गर्नुभयो । सांसद रघु पन्तले पछिल्ला समय विदेशी चलखेल बढेको भन्दै विदेशी कूटनीतिज्ञको भेटघाटलाई नियमन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार**



**तपाईंकै सहर राजविराजमा**



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लास्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# ६ महिनामा आठ खर्ब २५ अर्ब व्यापार घाटा

काठमाडौँ, १० फागुन (रासस)।

चालु आर्थिक वर्ष २०७९/८० को अर्धवार्षिक समीक्षा अवधिमा नेपालको कूल व्यापार घाटा रू आठ खर्ब २५ अर्ब ७३ करोड नाँघेको छ। भन्सार विभागले बुधबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार माघ मसान्तसम्ममा नेपालले कूल रू १० खर्ब १२ अर्ब ५९ करोड ७६ लाख बराबरको वैदेशिक व्यापार गरेको छ। यसमध्ये रू नौ खर्ब १९ अर्ब १६ करोड ५३ लाख बराबरको वस्तु तथा सेवा आयात हुँदा रू ९३ अर्ब ४३ करोड २३ लाख बराबरको मात्रै निर्यात भएको देखिएको हो।

यो अवधिमा नेपालले गरेको कूल वैदेशिक व्यापारमा आयातको हिस्सा ९० दशमलव ७७ प्रतिशत र निर्यातको हिस्सा नौ दशमलव २३ प्रतिशत छ। गत माघ मसान्तसम्म भएको वैदेशिक व्यापारबाट रू दुई खर्ब १२ अर्ब १२ करोड ७४ लाख बराबर भन्सार राजस्व उठेको विभागको तथ्याङ्कबाट देखिन्छ। गत आर्थिक वर्ष २०७८/७९ को अर्धवार्षिक समीक्षा अवधिमा नेपालले गरेको कूल वैदेशिक व्यापारको तुलनामा यसवर्षको सोही अवधिमा गरेको व्यापार २० दशमलव ८४ प्रतिशतले घटेको छ।

त्यस्तै गतवर्षको तुलनामा आयात १९ दशमलव ९० प्रतिशतले घटेको छ भने निर्यात २९ प्रतिशतले घटेको विभागले जनाएको छ। नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार भारत हो। माघ मसान्तसम्ममा नेपालले भारतबाट रू पाँच खर्ब ७० अर्ब ९६ करोड ९७ लाख बराबरको सामान आयात गरेको छ। यही अवधिमा नेपालबाट भारतमा भएको निर्यात भने रू ६६ अर्ब २२ करोड ६५ लाख बराबर मात्रै छ। छ महिना अवधिमा चीनबाट रू एक खर्ब २५ अर्ब पाँच करोड २४ लाख बराबरको आयात गरेको छ भने रू ४२ करोड २६ लाख बराबरको मात्रै निर्यात गरेको छ।

यो अवधिमा नेपालले वैदेशिक व्यापार गरेको तेस्रो ठूलो मुलुक इन्डोनेसिया हो। इन्डोनेसियाबाट रू ५७ अर्ब ९ करोड ६९ लाख बराबरको आयात हुँदा रू १० करोड ३६ लाख बराबर मात्रै निर्यात भएको छ। त्यस्तै, संयुक्त अरब इमिरेट्सबाट रू २० अर्ब २६ करोड २५ लाख बराबरको सामान आयात हुँदा रू २५ करोड ८९ लाख बराबरको निर्यात भएको छ।

अर्जेन्टिनासँग रू १८ अर्ब ५६ करोड ६० बराबरको आयात र रू १० लाख २० हजार बराबरक निर्यात कारोबार भएको भन्सार विभागको तथ्याङ्कबाट देखिन्छ। चालु आर्थिक वर्षको माघ मसान्तसम्म नेपालले सबैभन्दा धेरै पेट्रोलियम पदार्थको आयात गरेको छ। विभागका अनुसार छ महिनामा रू ८४ अर्ब ६१ करोड ६४ लाख बराबरको डिजेल, रू ३८ अर्ब ७३ करोड ३३ लाख बराबरको पेट्रोल र रू ३३ अर्ब ३४ करोड बराबरको एलपी ग्यास आयात भएको छ। यही अवधिमा नेपालले रू २६ अर्ब ४२ करोड ४२ लाख बराबरको अप्रशोधित सोयाबिन तेल आयात गरेको छ।

त्यसैगरी, रू २३ अर्ब ६६ करोड बराबरको फलाम, रू १८ अर्ब ४५ करोड ३५ लाख बराबरका सुनजन्य वस्तु, रू १७ अर्ब ७६ करोड बराबरको अप्रशोधित पाम आयल र रू १४ अर्ब ७६ करोड ८३ लाख बराबरको स्मार्टफोन आयात भएको देखिन्छ।

छ महिना अवधिमा नेपालबाट सबैभन्दा धेरै पाम आयल निर्यात भएको छ। यो अवधिमा रू १३ अर्ब ९२ करोड ६७ लाख बराबरको पाम तेल निर्यात भएको देखिएको हो। त्यस्तै, सोयाबिन तेल रू आठ अर्ब २७ करोड ७५ लाख बराबरको निर्यात भएको छ। विभागका अनुसार रू चार अर्ब ८९ करोड ७३ बराबरको अलैंची र रु दुई अर्ब ५८ करोड ३४ लाख बराबरको चिया निर्यात भएको छ।

वैदेशिक व्यापार गर्ने सबैभन्दा ठूलो नाका वीरगञ्ज भन्सार हो। वीरगञ्ज भन्सारबाट छ महिना अवधिमा रू तीन अर्ब ४३ करोड ६३ लाख ४३ हजार बराबरको सामान आयात भएको छ भने रु २३ अर्ब २८ करोड ४० लाख बराबरको निर्यात भएको छ। नेपालले यो अवधिमा गरेको कूल वैदेशिक व्यापारमा वीरगञ्जबाट मात्र ३७ दशमलव ३९ प्रतिशत आयात भएको छ भने कूल निर्यातको २४ दशमलव ९२ प्रतिशत हिस्सा रहेको छ।

त्यस्तै, भैरहवा भन्सारबाट रू एक खर्ब ३० अर्ब ५३ करोड ९३ लाख बराबरको आयात र रू पाँच अर्ब ४२ करोड ७० लाख बराबर निर्यात भएको छ। विराटनगर भन्सारबाट रू एक अर्ब ६ करोड ९० लाख १९ हजार बराबरको आयात हुँदा रू २५ अर्ब ५३ करोड ८० लाख बराबरको निर्यात भएको विभागको तथ्याङ्कबाट देखिन्छ।

# राष्ट्रपति तथा उपराष्ट्रपतिका लागि उम्मेदवारको योग्यता

काठमाडौँ, १० फागुन (रासस)।

राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनमा उम्मेदवार बन्न कुनै लाभको पदमा बहाल नरहेको र कम्तीमा पैँतालिस वर्ष उमेर पूरा भएको व्यक्ति हुनुपर्नेछ।

'राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४' को दफा ११ मा उल्लेख गरिएको उम्मेदवारको योग्यतासम्बन्धी व्यवस्थाबमोजिम उम्मेदवार हुन वंशजका आधारमा नेपाली नागरिक भएको, कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको, कुनै सङ्घीय कानुनले अयोग्य नभएको, कुनै लाभको पदमा बहाल नरहेको हुनुपर्नेछ।

ऐनले यस प्रयोजनका लागि 'लाभको पद' भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पदबाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद बुझिने स्पष्ट गरेको छ। ऐनको दफा १२ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको व्यक्ति उम्मेदवार हुन अयोग्य मानेको छ।

यस्तै, निर्वाचनसम्बन्धी प्रचलित कानुनबमोजिम सजाय पाई त्यस्तो सजाय भोगिसकेको मितिले दुई वर्ष भुक्तान नगरेको, भ्रष्टाचार, जबर्जस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाई वा कुनै कसुरमा जन्म कैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको, सङ्गठित अपराधसम्बन्धी कसुरमा कैदको सजाय पाई वा कर्तव्य ज्यानसम्बन्धी कसुरमा बीस वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको, जातीय भेदभाव तथा छुवाछूत, बोक्सावोक्सी वा बहुविवाहसम्बन्धी कसुरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको व्यक्ति उम्मेदवार हुन पाउने छैन।

साथै उल्लिखित कसुरबाहेक अन्य कसुरमा पाँच वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको, प्रचलित कानुनबमोजिम कालोसूचीमा रहेकामा सो अवधिभर, कैदमा बसेकामा कैद बसेको अवधिभर, मानसिक सन्तुलन ठीक नभएको व्यक्ति उम्मेदवार हुन अयोग्य हुनेछ।

निर्वाचन आयोगले राष्ट्रपतिको निर्वाचन यही फागुन २५ गते र उपराष्ट्रपतिको निर्वाचन आगामी चैत ३ गते हुने गरी मिति तय गरेको छ। निर्वाचनका लागि यही फागुन ८ गतेदेखि नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको परिसरमा निर्वाचन अधिकृतको कार्यालय सञ्चालनमा आएको छ। सो कार्यालयले बुधबार मतदाता नामावली प्रकाशन गर्दैछ। दुवै पदका लागि सङ्घीय संसद् र प्रदेशसभाका सदस्य मतदाता रहेका छन्।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार सङ्घीय संसद्का तीन सय ३४ र प्रदेशसभाका पाँच सय ५० गरी कूल आठ सय ८४ मतदाता रहने छन्। प्रतिनिधिसभामा हाल दुई सदस्य निलम्बित र एक सदस्य रिक्त रहेको छ। विद्यमान कानुनअनुसार सङ्घीय संसद्का प्रतिसदस्यको ७९ मतभारका दरले २६ हजार चार सय र प्रदेशसभा सदस्यको प्रतिसदस्य ४८ मतभारका दरले २६ हजार तीन सय ८६ गरी कूल ५२ हजार सात सय ८६ मतभार कायम हुनेछ।

स्वीकृत निर्वाचन कार्यक्रमअनुसार राष्ट्रपतिको निर्वाचनका लागि फागुन १० गते बिहान १० देखि ११ बजेसम्म मतदाता नामावली प्रकाशन गरिएको छ। साथै फागुन १३ गते बिहान १० देखि दिउँसो ३ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयनपत्र दर्ता गरिनेछ। उपराष्ट्रपतिको निर्वाचनका लागि फागुन २७ गते बिहान ९ देखि अपराह्न २ बजेसम्म उम्मेदवारको मनोनयनपत्र दर्ता गर्नेलगायतका कार्यक्रम तय गरिएको छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# विश्व समाचार

## दक्षिण कोरियाको प्रजनन दर घट्दो

सोल, १० फागुन (रासस/सिन्ह्वा)।

दक्षिण कोरियाको प्रजनन दर उल्लेखनीयरूपमा घटेको छ। युवा पुस्ता विवाह गर्न र बच्चा जन्माउन अनिच्छुक हुँदा प्रजनन दर ह्वात्तै घटेको कोरियाली तथ्याङ्क कार्यालयले जनाएको छ।

सन् २०२१ मा कुल प्रजनन दर शून्य दशमलव आठ एक प्रतिशत रहेकामा गत वर्ष कुल प्रजनन दर शून्य दशमलव सात आठ प्रतिशत कायम भएको उक्त कार्यालयले बुधबार बताएको हो। यो प्रजनन दर सन् १९७० यताको सबैभन्दा कम हो। सन् २०१८ पछि लगातार देशको प्रजनन दर एक प्रतिशतभन्दा कम रहेको छ।

बालबच्चाको स्याहारसुसारको लागतमा निरन्तर भइरहेको वृद्धि, बढ्दो बेरोजगारी, विवाहप्रति बदलिएको सामाजिक धारणा, आवासको उच्च मूल्यलगायत कारणले युवा पुस्तामा विवाह र सन्तानोत्पादनमा अरुची तथा ढिलो विवाह गर्नाले प्रजनन दर घटेको उक्त कार्यालयले बताएको छ।

कोरियाली तथ्याङ्क कार्यालयका अनुसार गत वर्ष दुई लाख ४९ हजार बच्चा जन्मेका थिएभने सन् २०१७ मा चार लाख बच्चाको जन्म भएको थियो। त्यसपछि लगातार तीन वर्ष तीन लाख बालबालिका जन्मेका थिए।

## शरणका लागि दश लाखको आवेदन

ब्रसेल्स, १० फागुन (रासस एएफपी)।

कोरोना महामारीका कारण जारी गरिएको यात्रा प्रतिबन्ध हटाइएपछि युरोपेली मुलुकमा शरण खोज्नेहरूको सङ्ख्या अनपेक्षित रूपमा बढेको छ। यात्रा प्रतिबन्ध हटाएपछि युरोपेली सङ्घमा दश लाख जनाले शरणका लागि आवेदन गरेका छन्। यो विगत सात वर्ष यताकै उच्च हो।

शरणार्थीसम्बन्धी युरोपेली सङ्घको कार्यालयले सन् २०१६ पछि शरणका निम्ति आवेदन गर्नेको सङ्ख्या ५० प्रतिशतले बढेको छ। उक्त कार्यालयको प्रारम्भिक तथ्याङ्कअनुसार गत वर्षको अन्त्यमा कोभिड-१९ स्वास्थ्य सुरक्षा मापदण्ड हटाइएपछि नर्वे र स्विट्जरल्याण्डबाहेक सङ्घमा आवद्ध देशमा दशलाख आप्रवासीले शरणार्थीको दर्जा प्राप्त गर्न आवेदन दर्ता गरेका छन्।

शरणका लागि सबैभन्दा धेरै सिरियाली र अफगानीले आवेदन गरेका छन्। टर्की, भेनेज्वेला, कोलम्बिया, पाकिस्तान, बङ्गलादेश र जर्जियाका आप्रवासीको आवेदन पनि अधिक परेको छ। रुसी आक्रमणबाट भागेका युक्रेनीको सङ्ख्या तुलनात्मक रुपमा कम छ। युरोपेली सङ्घले उनीहरूलाई छुट्टै अस्थायी सुरक्षा व्यवस्था गरेकाले युक्रेनका थोरै नागरिकले शरणका निम्ति निवेदन गरेका हुन्।

## 'रुसले युक्रेनलाई कहिल्यै जित्न सक्दैन'

वार्सा, १० फागुन (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति जो बाइडेनले रुसले युक्रेनलाई कहिल्यै जित्न नसक्ने दाबी गर्नुभएको छ। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमाथि आक्रमण जारी रहने बताएको केही घण्टापछि वार्सामा यहाँ भाषण गर्दै अमेरिकी राष्ट्रपतिले युक्रेन युद्धमा रुसको कहिल्यै विजय नहुने दाबी गर्नुभयो।

युक्रेनप्रति संयुक्त राज्य अमेरिका र उसका साझेदारले निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै अमेरिकी राष्ट्रपतिले रुसी राष्ट्रपतिको आरोपको खण्डन गर्नुभयो। रुसका राष्ट्रपति पुटिनले युक्रेनमा एक वर्षदेखि जारी युद्धका लागि अमेरिकासहित पश्चिमा राष्ट्रहरूलाई दोष दिनुभएको थियो। उहाँले आफू पुटिनजस्तो निरङ्कुश एवम् कठोर नभएको पनि बताउनुभयो।

रुसी संसद्उहाँले युक्रेनलाई पश्चिमा राष्ट्रहरूले 'रुसविरोधी' बनाउने प्रयास आरोप लगाउँदै आफ्नो देशको अस्तित्व जोखिममा परेको बताउनुभयो। सम्बोधनका क्रममा उहाँले अमेरिकासँगको आणविक हतियार सन्धिमा सहभागी नहुने घोषणा पनि गर्नुभएको थियो।

रुसी राष्ट्रपतिले आफ्नो देशमाथि लादिएो प्रतिबन्ध सफल नहुने बताउँदै आफ्नो देशले व्यवस्थित रूपमा आफ्नो उद्देश्य प्राप्त गर्न युद्ध निरन्तर हुने वाचा गर्नुभएको थियो।

किएभको अप्रत्यासित भ्रमण गरेर यहाँ आउनुभएका अमेरिकी राष्ट्रपतिले पश्चिमा मुलुकले रुसमाथि आक्रमण गर्ने कुनै योजना नबनाएको पनि स्पष्ट गर्नुभयो।

रुसी राष्ट्रपतिले आफ्नो देशमाथि अमेरिकासहितका पश्चिमा देशले आक्रमण गर्ने योजना बनाएका आरोपको खण्डन गर्दै अमेरिकी राष्ट्रपतिले त्यसो भन्नुभएको हो। रुसी र अमेरिकी राष्ट्रपतिका भाषण एकअर्काविरुद्ध वाक्युद्ध थिए।

त्यसअघि राष्ट्रपति बाइडेनलेपोल्याण्डका राष्ट्रपति एन्ड्रेज डुडालाई भेटेर आफ्नो भ्रमण संवेदनशील क्षणमा भएको बताउँदै उत्तर एटलान्टिक सन्धि सङ्गठन (नाटो)को सामूहिक रक्षाको सिद्धान्तप्रति वासिङ्गटनको प्रतिबद्धता दोहोऱ्याउनुभयो।

# ऋृणीले एउटा लघुवित्तबाट मात्रै ऋृण लिन पाउने व्यवस्था गर्न माग

काठमाडौँ, १० फागुन (रासस)।

लघुवित्त वित्तीय संस्थाका कारण न्यूनआय भएका वर्ग झन् प्रभावित बनेको भन्दै संसद्मा लघुवित्तलाई नियमन गर्न आवाज उठेको छ। प्रतिनिधिसभाको बुधबारको बैठकको शून्य समयमा सांसद गगनकुमार थापाले बदनियतका साथ काम गर्ने लघुवित्तलाई कारबाही गर्न र एउटा ऋृणीले एउटा मात्र संस्थाबाट ऋृण लिन पाउने व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

"अति न्यूनआय भएका गरिबलाई गरिबीको रेखाबाट माथि उठाउने उद्देश्यका साथ लघुवित्त सञ्चालनमा आएका भए पनि कयौँ लघुवित्तका कारण गरिब थला परेका छन्, अनुचित नाफा कमाउनका लागि जे पनि गर्ने लघुवित्त, तत्कालको गर्जो टार्न जहाँबाट जस्तो भए पनि ऋृण लिने ग्राहाकहरू, सुपरीवेक्षण गर्ने राष्ट्रबैंकका कारण यो अवस्था देखिएको हो", उहाँले भन्नुभयो।

सांसद अञ्जली श्रेष्ठले बढ्दो महँगी, बेरोजगारीलगायत किसानका समस्या तत्काल समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद अनिसा नेपालीले वर्षायाममा हुने जनधनको क्षति हुन नदिन अहिले नै काम थाल्न आग्रह गर्नुभयो। सांसद अम्बिका बस्नेतले चाबहिलको महाँकालस्थित सडक तत्काल मर्मत गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद असिम शाहले सरकारी सेवा एकीकृत रूपमा प्रवाह गर्ने उद्देश्यले निर्माण गरिएको 'नागरिक एप'को प्रभावकारी रूपमा सञ्चालनमा ल्याउन आग्रह गर्नुभयो। उहाँले नागरिक एपमा भएको सवारी चालक अनुमति पत्रलाई ट्राफिक प्रहरीले मान्यता नदिएको भन्दै नागरिक एप र ट्राफिक प्रहरीबीच समन्वयको व्यवस्था गरिदिन सरकारसँग आग्रह गर्नुभयो।

सांसद इश्वरबहादुर रिजालले शून्य समयमा उठाएको कुरा शून्य बराबर नहोस् भनी सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद कल्पना मियाँ कुसारीले अघिल्लो पटकको शून्य समयमा मैले केही प्रश्न राखेको थिएँ, त्यो जवाफ अहिलेसम्म आएन, त्यो जवाफ कहिलेसम्म कसको बाट पाउने होला ? भनी प्रश्न गर्नुभयो।

सांसद उर्मिला माझीले माझी जातिले फागुनको तेस्रो मङ्गलबारलाई पर्वका रूपमा मनाउँदै आएकाले सो दिनलाई राष्ट्रिय पर्वका रूपमा सूचीकृत गर्न माग गर्नुभयो। सांसद कुसुमदेवी थापाले ढोरपाटन सिकार आरक्षका चार ब्लक रुकुम क्षेत्रमा पर्ने भएकाले सो आरक्षमा उठेको राजस्व रुकुमका स्थानीय तहले पनि पाउनुपर्ने बताउनुभयो।

# भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कल्याणपुर, सप्तरीको २१ दिने सूचना

मिति : २०७९/११/११

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्तिहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिईहालसम्म कर्जा नबुझाई भाखा नाघी र ब्याज बाँकी भई निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धीत कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धी कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखीत मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा बित्तिय संस्था सम्बन्धीत ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली विनियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्रि वा अन्य व्यवस्था तथा कालो सूचीमा समावेश गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्हिोरा समेत जानकारी गराउँदछौं। साथै तपशिल बमोजिमका व्यक्तिहरुलाई बैंकबाट कर्जा लिन मञ्जुरीनामा दिनेहरुलाई समेत यैससूचनाद्वारा जानकारी गराइएको छ।

| क.स. | कर्जाग्राही को नाम थर | ठेगाना | उदेश्य | बुवा/पति/पत्नीको नम | बाजे/ससुरा | साँवा | ब्याज बांकी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | देवराज चौधरी | शम्भुनाथ न.पा. ७, भंगाहा | घरायसी कर्जा | सबुरलाल चौधरी | मुनरलाल चौधरी | ६००००० | २५००० | ६२५००० |
| २ | रविन्द्र प्रसाद चौधरी | सुरुङगा न.पा. २, हर्दिया | घरायसी कर्जा | बुचाइ चौधरी | सैनी चौधरी | ६५०००० | २७००० | ६७७००० |
| ३ | निर्मल जल (प्रो. राज कुमार चौधरी) | खडक न.पा. ५, खरचुइया | उधोग कर्जा | घन्सीराम चौधरी | अजवलाल चौधरी | १९५०००० | १०२००० | २०५२००० |
| ४ | माँ दुर्गा बहुउदेशीय पशुपंक्षी फर्म | सुरुङगा न.पा. ३,लक्ष्मीपुर | कुखुरा पालन | बौका मण्डल | बुची मण्डल | १६००००० | ७९५०० | १६७९५०० |
| ५ | दानालाल चौधरी | शम्भुनाथ न.पा. ९, नरही | भैसी पालन | दुखीलाल चौधरी | बनिलाल चौधरी | २५०००० | १२००० | २६२००० |
| ६ | कमाल इटा उधोग (तफेजुल मियाँ) | खडक न.पा. ७, कल्याणपुर | उधोग कर्जा | इस्माइल मियाँ | कारी मियाँ | २५००००० | १५१००० | २६५१००० |
| ७ | श्रीमती जालो कुजर्नी | खडक न.पा.३, बनरझुल्ला | सरल कृषि कर्जा | मुस्तकीम मिया | विलट मिया | १०००००० | ७९००० | १०७९००० |
| ८ | सावीर खरिद विकी केन्द्र (प्रो. मो. ज्याउल) | सुरुङगा न.पा. ५, कुसहा | ब्यपार कर्जा | मो. इसुफ | माला बक्स | २२००००० | ७५००० | २२७५००० |
| ९ | अमरलाल साह | सुरुङगा न.पा. ६,श्रीपुर | सरल कृषि कर्जा | फुलीचन साह | असर्फी साह | ६००००० | ३१००० | ६३१००० |
| १० | भुवनेश्वरी देवी साह | खडक न.पा. १०, डङराही | सरल कृषि कर्जा | जगन्नाथ साह | बुधु साह | २००००० | १४००० | २१४००० |
| ११ | सुनीता देवी चौधरी | खडक न.पा. ७, कल्याणपुर | घरायसी कर्जा | रघुनन्दन चौध्री | विन्देश्वर चौध्री | ४३०००० | २६००० | ४५६००० |
| १२ | सरस्वती कुमारी देवी | खडक न.पा. ८, मल्हनमा | घरायसी कर्जा | चतुर नारायण ठाकुर | सत्य नारायण ठाकुर | ५००००० | २७००० | ५२७००० |
| १३ | एस वि. कृषि तथा पशुपालन फर्म (अरुण कुमार चौधरी) | सुरुङगा न.पा. ४, विरनगर | कुखुरा पालन | शोभाकान्त चौध्री | चुनीलाल चौधरी | १७००००० | ८३००० | १७८३००० |
| १४ | कमल नारायण चौधरी थारु | सुरुङगा न.पा. ७, हरिपुर | कृषि उत्पादन कर्जा | सन्दु दास चौधरी | विलट दास चौधरी | १५०००० | ७००० | १५७००० |
| १५ | रेशमलाल चौधरी | शम्भुनाथ न.पा. ७, सबैया | कृषि उत्पादन कर्जा | उचीतलाल चौधरी | किसन चौधरी | १००००० | ६००० | १०६००० |
| १६ | नारायण राउत | शम्भुनाथ न.पा. २, डङराही | घरायसी कर्जा | रविलाल राउत | ननिलाल राउत | ५५०००० | २७००० | ५७७००० |
| १७ | जयकाली गाइ भैसी पालन फर्म (जलेश्वर यादव) | सुरुङगा न.पा. ३,लक्ष्मीपुर | भैसी पालन | कैलु यादव | सोभीत यादव | २९५०००० | १६१००० | ३१११००० |
| १८ | न्यु चौधरी मदिरा पसल (गोपाल प्रसाद चौधरी) | शम्भुनाथ न.पा. ७, भंगाहा | सेवा कर्जा | फनीलाल चौधरी | बंसीलाल चौधरी | १५००००० | ४३००० | १५४३००० |
| १९ | गौरी शंकर यादव | सुरुङगा न.पा. १०, थल्हा | घरायसी कर्जा | फुलानन्द यादव | गोसाइ यादव | ७००००० | १८००० | ७१८००० |
| २० | सुचेन्द्र सिंह | सुरुङगा न.पा.३, लक्ष्मीपुर | सरल कृषि कर्जा | हरी नारायण सिंह | पंची सिंह | ६५०००० | २१००० | ६७१००० |
| २१ | मनोज कुमार रसाइली | सुरुङगा न.पा. ४, कनकपुर | सरल कृषि कर्जा | रुद्र बहादुर वि.क. | फौद बहादुर वि.क. | ६००००० | २०००० | ६२०००० |
| २२ | नारायण प्रसाद साह | सुरुङगा न.पा. १०, पटेर्वा | घरायसी कर्जा | नथर साह | सिताराम साह | ४००००० | ९००० | ४०९००० |
| २३ | सुरेश माछा फर्म (प्रो. सुरेश कुमार चौध्री) | खडक न.पा.१०,बेल्हा | सहुलीयत कर्जा | सोनालाल चौधरी | शुभलाल चौधरी | २६०००० | ५००० | २६५००० |
| २४ | राजकुमार फर्निचर उधोग (प्रो. फुलीदास चौधरी) | सुरुङगा न.पा. ७, पोखरीया | उधोग कर्जा | द्रीचन चौधरी | विलट दास चौधरी | ४०००००० | १०५००० | ४१०५००० |
| | | | | | जम्मा | २६०४०००० | ११५३५०० | २७१९३५०० |

**कृषि विकास बैंक लि.**
**शाखा कार्यालय, कल्याणपुर, सप्तरी**

# एकिकृत सरकारी कर्मचारी संगठन सप्तरी गठन



**दैनिक समाचारदाता**
**राजविराज, १० फागुन ।**

एकिकृत सरकारी कर्मचारी संगठन नेपालको जिल्ला कार्यसमिति सप्तरीको प्रथम अधिवेशनले बुधबार बैजनाथ मण्डलको अध्यक्षतामा २१ सदस्यीय समिति गठन गरेको छ ।

सुजन दाहालको संयोजकत्वमा रहेको प्रारम्भिक समिति विगठन गरी उक्त समिति गठन भएको हो ।

कार्यक्रमका प्रमुख अतिथि मधेश प्रदेश सभा सदस्य गोविन्द बहादुर न्यौपानेले कर्मचारी मैत्री ऐन निर्माणका लागि प्रदेशशभामा भुमिका खेल्ने प्रतिवद्धता राख्दै कर्मचारीहरुले जनताको काम छिटो छरितो रुपमा पारदर्शि ढंगले गर्न र अन्य कर्मचारी संगठनका कर्मचारी भन्दा फरक र नमुना ढंगले कार्य सम्पादन गर्न निर्देशन दिए ।

सो अधिवेशनबाट अव बन्ने संघीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा ऐन कर्मचारी मैत्रि हुनु पर्ने, कर्मचारीको बृद्धि विकास संगै ऐन जारी भए पश्चात पुन समायोजन रोज्न पाउनु पर्ने, अस्थायी, ज्यालादारी र करारमा कार्यरत कर्मचारीहरुको सेवा सुनिश्चितता सहित आन्तरिक प्रतिस्पर्धा मार्फत स्थायी हुन बाठो खोल्नु पर्ने लगायतका विभिन्न विषयमा छलफल गरी सुझाव राखेको छ ।

एकिकृत सरकारी कर्मचारी संगठन नेपालका महासचिव शरण कुमार गरुङ्गले भेलाबाट आएका सुझावहरु संगठनले उठान गर्ने जुन सुकै अवस्था आए पनि कर्मचारीको पक्षमा उभिने प्रतिवद्धता व्यक्त गरे ।

आयोजित अधिवेशनमा एकिकृत सरकारी कर्मचारी संगठन नेपालका महासचिव शरण कुमार गरुङ्ग, ने.क.पा. एकिकृत समाजवादी पार्टीका जिल्ला अध्यक्ष प्रताप नारायण चौधरी, शम्भुनाथ नगरपालिकाका नगर प्रमुख जितेन्द्र प्रसाद गुप्ता, एकिकृत सरकारी कर्मचारी संगठन नेपालका मधेश प्रदेश इन्चार्ज जय कान्त झा, पेशागत महासंघ जिल्ला अधिवेशन आयोजक समितिका संयोजक रवि राय, प्रगतिशिल नेपाल राष्ट्रिय शिक्षक संगठन जिल्ला अध्यक्ष कोशलेन्द्र यादव, एकिकृत स्वास्थ्यकर्मी संगठन जिल्ला अध्यक्ष महेश कुमार यादव, एकिकृत सरकारी कर्मचारी संगठन सिराहा जिल्ला अध्यक्ष इन्द्र पाल समेतको सहभागिता रहेको थियो ।

# युएई र कतार जान ट्याक्सी चालकलाई रोक

काठमाडौँ, १० फागुन (रासस) ।

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीमा युनाइटेड अरब इमिरेटस् (युएई) र कतारमा मोटरसाइकल र ट्याक्सी चालक पदका लागि जान रोक लगाएको छ । विभागले सूचना प्रकाशित गरी यसबारे जानकारी गराएको हो ।

युएई र कतारमा यी पदमा गएका अधिकांश श्रमिक समस्यामा परेको भन्दै वैदेशिक रोजगार विभागले पूर्वस्वीकृति रोक्ने निर्णय गरेको हो । पछिल्लो समय मोटरसाइकल र ट्याक्सी चालक पदमा त्यहाँ जाने श्रमिकले स्वीकृति मागपत्रबमोजिमको न्यूनतम तलब प्राप्त गर्न नसकेको गुनासो बढेको विभागका सूचना अधिकारी कृष्णप्रसाद भुसालले जानकारी दिनुभयो । उहाँका अनुसार सहजरूपमा लाइसेन्स प्राप्त गर्न नसक्दा लामो समय कामविहीन भई बस्नुपरेको अवस्था रहेको र अधिकांश श्रमिक धेरैपटक ट्राफिक कारबाहीमा परी ठूलो जरिवाना बुझाउनुपरेको गुनासो आएकाले सम्बन्धित मुलुकको ट्राफिक नियम र सडक अनुशासनसम्बन्धी ज्ञान र अनुभवको कमीले गर्दा दुर्घटना बढेसँगै विभागले उक्त निर्णय लिएको हो ।

युएई र कतारमा मोटरसाइकल र ट्याक्सी चालक पदमा श्रमिक पठाउनु सुरक्षित नदेखिएपछि विभागले पूर्वस्वीकृति रोक्ने निर्णय लिएको हो । विभागका अनुसार अर्को निर्णय नभएसम्म यो नियम कार्यान्वयनमा रहने छ । उक्त पदको मागपत्र प्रमाणीकरण नगर्न कतार र युएईस्थित नेपाली दूतावासलाई समेत अनुरोध गरिएको विभागद्वारा प्रकाशित सूचनामा उल्लेख छ ।

# अपरिचित व्यक्तिको कुटाइबाट एक घाइते

**दैनिक समाचारदाता**
**राजविराज, १० फागुन ।**

राजबिराज वडा नं. ८ खर्साल टोलस्थित वन कार्यालय पछाडी अपरिचित व्यक्तिको कुटाइबाट एक व्यक्ति घाइते भएका छन् ।

प्रहरीका अनुसार मादक पदार्थ सेवन गरेका स्थानिय ३७ वर्षिय रन्जित कुमार यादवलाई नाम थर वतन नखुलेको ब्यक्तिले कुटपिट गर्दा घाईते भएका हुन् ।

घाइते यादवलाई उपचारका लागि गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा भर्ना गरिएपनि थप उपचारका लागि धरान पठाइएको तथा घटना बारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# सांसद चौधरीको निलम्बन फुकुवा

काठमाडौँ, १० फागुन (रासस) ।

नागरिक उन्मुक्ति पार्टीका निलम्बित सांसद अरुनकुमार चौधरीको निलम्बन फुकुवा भएको छ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा सभामुख देवराज घिमिरेले राष्ट्रपतिबाट प्रजातन्त्र दिवसका अवसरमा सांसद चौधरीको कैद मिनाहा भएको व्यहोराको पत्र सदनलाई जानकारी गराएपछि सांसद चौधरीको निलम्बन फुकुवा भएको हो ।

आन्दोलनका क्रममा ट्र्याक्टरमा आगजनीको घटनामा सांसद चौधरी जेल पर्नुभएको थियो ।

## डाक्नेश्वरी नगरपालिकाको कार्यालय

**वडा नं. ८ गम्हरिया प्रवाहा, सप्तरी**

**मिति : २०७९/११/८**

## सूचना सूचना सूचना

उपरोक्त सम्बन्धमा जि.स. डाक्नेश्वरी न.पा वडा नं. ८ गम्हरिया प्रवाहा अन्तर्गत आ.ब. २०७९/०८० सालको नगर सभाबाट स्वीकृत भएका तपसिलको कार्यक्रमहरु वडा समितिको मिति २०७९/११/८ गतेको निर्णय अनुसार अर्को सूचना नहुनजेल सम्म स्थगित गरिएको व्यहोरा सर्वसाधारणको लागि सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

१) मुडा बनाउने सिपमुलक कार्यक्रम रु २०,००००।- दुई लाख
२) युवा तथा युवतीको लागु औषध पदार्थ दुर्व्यसनी विरुद्धको जनचेतना मुलक कार्यक्रम रु ३,००,००० तिन लाख
३) सर्फ बनाउने सिपमुलक तालिम कार्यक्रम रु ३,००,००० तिन लाख
४) दहेज प्रथा विरुद्ध जनचेतना मुलक कार्यक्रम रु ३,००,००० तिन लाख


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



**समयमै कर तिरौं**
- आफूले तिर्नुपर्ने कर समयमै तिरौं।
- राज्य सञ्चालनमा सहयोग गरौं।
- नागरिक कर्तव्य पूरा गरौं।

**जनताबाट उठाइएको कर:**
- सडक, खानेपानी, स्वास्थ्य, शिक्षा तथा पूर्वाधार निर्माण,
- सार्वजनिक सेवा सञ्चालन,
- सामाजिक सुरक्षा प्रदान,
- बैदेशिक ऋण कम गर्न आवश्यक पर्दछ।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
City Express Money Transfer — Money Transfer Made Easy
Best Remit — Quick & Easy
Prabhu Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money — Chaudhary Group



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*